महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

नेपाली राष्ट्रिय दैनिक
हिमालय टाइम्स
www.ehimalayatimes.com | @ehimalayatimes | @himalaya_times

स्थानीय तह निर्वाचन
५० दिन बाँकी

वर्ष २७, अंक ८९ काठमाडौं | २०७८ चैत १० बिहीबार | चैत्र कृष्णपक्ष, सप्तमी | नेपाल संवत् ११४२ | HIMALAYA TIMES | Thursday 24 Mar. 2022 | पृष्ठ ८+२ | मूल्य रु. ५।-

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग

## रानी जमरा कुलरीया सिंचाइ आयोजना

टिकापुर, कैलाली

# लम्की शाखा नहर विस्तार आयोजना तथा पथरिया-कान्द्रा विस्तार नहर आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को मस्यौदा प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/१२/१०**

नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जलस्रोत तथा सिंचाइ विभाग, रानी जमरा कुलरीया सिंचाइ आयोजना, टिकापुर, कैलालीद्वारा सुदूरपश्चिम प्रदेश, कैलाली जिल्लाको लम्कीचुहा नगरपालिका, घोडाघोडी नगरपालिका, भजनी नगरपालिका, जोशीपुर गाउँपालिका र बर्दगोरया गाउँपालिकामा "लम्की शाखा नहर विस्तार आयोजना" तथा "पथरिया-कान्द्रा विस्तार नहर आयोजना" कार्यान्वयन गर्न वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को मस्यौदा प्रतिवेदन तयार गरी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गर्नुपर्ने प्रावधान अनुसार उक्त प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको हो ।

**प्रस्तावको मुख्य विशेषता तथा प्रभाव पर्न सक्ने नगरपालिका तथा वडाहरु**

| क्र. सं. | प्रस्तावको व्यहोरा | कमाण्ड क्षेत्र | प्रभाव पर्ने जिल्ला, नगर पालिका/गाउँपालिका तथा वडा |
|---|---|---|---|
| १. | लम्की शाखा नहर विस्तार आयोजनाः प्रस्तावित रानी जमरा कुलरीया सिंचाइ आयोजना टिकापुर, कैलालीले लम्कीचुहा नगरपालिकामा "लम्की शाखा नहर विस्तार आयोजना" निर्माण गर्न लागेको छ । प्रस्तावित आयोजना रानी जमरा कुलरीया सिंचाइ आयोजना अन्तर्गत पर्दछ। उक्त आयोजनाले मुख्य नहर र ५ वटा शाखा नहरहरु निर्माण गर्न लागेको छ । मुख्य नहरको लम्बाई १४.६५ कि.मि. हुनेछ । बायाँ तर्फ ५ वटा शाखा नहरहरु पर्दछन्, जसको लम्बाई निम्न बमोजिम हुनेछन्।<br>क) कुन्तिखेत शाखा नहरको लम्बाई १ कि.मि. हुनेछ ।<br>ख) गणेशपुर शाखा नहरको लम्बाई ३.८० कि.मि. हुनेछ ।<br>ग) चोरीपुर शाखा नहरको लम्बाई २.६० कि.मि. हुनेछ ।<br>घ) बाहुनपुर शाखा नहरको लम्बाई ४.४५ कि.मि. हुनेछ ।<br>ङ) जुगले को कुलो शाखा नहरको लम्बाई ०.३ कि.मि. हुनेछ ।<br>त्यस्तै, दायाँ तर्फ एउटा शाखा नहर (Secondary Canal) र एउटा उपशाखा नहर (Sub–Secondary Canal) पर्दछन्, जसको लम्बाई निम्न बमोजिम हुनेछन् ।<br>क) चैनपुर उपशाखा नहरको लम्बाई १.३२ कि.मि. हुनेछ र<br>ख) मालभङ्गा उपशाखा नहरको लम्बाई ०.८० कि.मि. हुनेछ ।<br>प्रस्तावित आयोजना सञ्चालनका लागि रानी जमरा कुलरीया सिंचाइ आयोजनाको मुख्य नहरको विभाजन बिन्दू (Bifurcation Point) बाट पानी प्रयोग गरिनेछ। उक्त आयोजनाले ५,३४७ हेक्टर जग्गा सिंचित गरी खेतीको सघनता (Intensity) लाई १२०% बाट २२६% सम्म पुर्‍याउने लक्ष्य राखेको छ । | *ग्रस कमाण्ड क्षेत्र (Gross Command Area): ६,६९२ हेक्टर<br>*नेट कामण्ड क्षेत्र (Net Command Area): ५,३४७ हेक्टर | कैलाली जिल्ला, लम्कीचुहा नगरपालिकाको वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० |
| २. | पथरिया-कान्द्रा विस्तार नहर आयोजनाः प्रस्तावित रानी जमरा कुलरीया सिंचाइ आयोजना टिकापुर, कैलालीले लम्कीचुहा नगरपालिका, घोडाघोडी नगरपालिका, भजनी नगरपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरीया गाउँपालिकामा पथरिया देखि कान्द्रा सम्म आयोजना निर्माण गर्न लागेको छ । प्रस्तावित पथरिया-कान्द्रा विस्तार नहरको लम्बाई १२.९५ कि.मि. रहेको छ।प्रस्तावित आयोजना रानी जमरा कुलरीया सिंचाइ आयोजना अन्तर्गत पर्दछ । प्रस्तावित आयोजनाले मूल नहरको रूपमा पथरिया-कान्द्रा विस्तार नहर पश्चिम रहेको छ भने पथरिया-कान्द्रा विस्तार नहर दक्षिणको रूपमा पथरिया नदीमा पहिले देखि चल्दै आइरहेको पुराना सिंचाइ प्रणालीहरू रहेका छन् । पथरिया-कान्द्रा विस्तार नहर पश्चिम अन्तर्गत ४ वटा र पथरिया-कान्द्रा विस्तार नहर दक्षिण अन्तर्गत २ वटा शाखा नहरहरु पर्दछ । पथरिया-कान्द्रा विस्तार नहर पश्चिम अन्तर्गत ४ वटा शाखा नहरहरुको लम्बाई निम्न बमोजिम हुनेछ ।<br>क. पथरिया-कान्द्रा विस्तार नहर पश्चिम शाखा नहर-१ को लम्बाई ३.१० कि.मि. हुनेछ ।<br>ख) पथरिया-कान्द्रा विस्तार नहर पश्चिम शाखा नहर-२ को लम्बाई ११.७० कि.मि. हुनेछ ।<br>ग) पथरिया-कान्द्रा विस्तार नहर पश्चिम शाखा नहर-३ (भजनी शाखा नहर) को लम्बाई ३.४ कि.मि. हुनेछ।<br>घ) पथरिया-कान्द्रा विस्तार नहर पश्चिम शाखा नहर-४ को लम्बाई १५.२० कि.मि. हुनेछ ।<br>पथरिया-कान्द्रा विस्तार नहर दक्षिण अन्तर्गत २ वटा शाखा नहरहरुको लम्बाई निम्न बमोजिम हुनेछ ।<br>क) पथरिया-कान्द्रा विस्तार नहर दक्षिण शाखा नहर-१ को लम्बाई ८.७५ कि.मि. हुनेछ ।<br>ख) पथरिया-कान्द्रा विस्तार नहर दक्षिण शाखा नहर-२ को लम्बाई ८.०८ कि.मि. हुनेछ ।<br>प्रस्तावित आयोजना सञ्चालनका लागि रानी जमरा कुलरीया सिंचाइ आयोजनाको मूल नहरको विभाजन बिन्दू (Bifurcation Point) बाट पानी प्रयोग गरिनेछ। उक्त आयोजनाले १७,५११ हेक्टर जग्गा सिंचित गरी खेतीको सघनता (Intensity) लाई १३०% बाट २२६% सम्म पुर्‍याउने लक्ष्य राखेको छ । | *ग्रस कमाण्ड क्षेत्र (Gross Command Area): २८,१७० हेक्टर<br>*नेट कामण्ड क्षेत्र (Net Command Area): १७,५११ हेक्टर | कैलाली जिल्ला, लम्कीचुहा नगर पालिकाको वडा नं. ८; घोडाघोडी नगरपालिकाको वडा नं. १, २, ३, ५, ७ र १२; भजनी नगरपालिकाको वडा नं. १, २, ३, ४, ६, ८ र ९; जोशीपुर गाउँपालिकाको वडा नं. १, २, ३, ४, ५, ६ र ७ र बर्दगोरीया गाउँपालिकाको वडा नं. १, २, ४, ५ र ६ |

**प्रस्तावकको नामः** रानी जमरा कुलरीया सिंचाइ अयोजना टिकापुर, कैलाली ।

उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको मस्यौदा प्रतिवेदन तयारीको क्रममा वातावरणीय सवाल बारे राय सुझाव संकलन गर्नुपर्ने भएकोले स्थानीय तहका प्रतिनिधिहरु, वन उपभोक्ता समूहका प्रतिनिधिहरु, स्थानीय जनता, संघ-संस्थाका प्रतिनिधिहरु तथा सरोकारवालाहरुको र प्रस्तावकको प्रतिनिधि बीच प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबैको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थानः**

| क्र.सं. | आयोजनाको नाम | मिति र समय | स्थान |
|---|---|---|---|
| १. | लम्की शाखा नहर विस्तार आयोजना | २०७८/१२/१६ गते, (बुधवार); बिहान ११:३० बजे | लम्कीचुहा नहरपालिका कार्यालयको भवन, भल्का, कैलाली |
| २. | पथरिया-कान्द्रा विस्तार नहर आयोजना | २०७८/१२/१७ गते, (बिहीवार); बिहान ११:३० बजे | घोडाघोडी नगरपालिका कार्यालयको सभा हल, सुखड, कैलाली |

CMYK